**मिति २०७६/११/२४ गते नगर कार्यापालिका बैठकका प्रस्तावहरू**

१. नदीजन्य पदार्थ उत्खनन् संकलन र विकीको ठेक्काको कवोल रकम स्वीकृत गर्ने सम्बन्धमा ।

२. शितगंगा नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन्, संकलन, ओसरपसार तथा विकी वितरण र नदीजन्य पदार्थमा आधारित उद्योग व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ संसोधन संवन्धमा ।

३. प्रदेश विशेष अनुदान तर्फ स्वीकृत कार्यक्रम कार्यान्वय सम्बन्धमा ।

४. गणकाको पारिश्रमिक सम्बन्धमा ।

५. अग्नी सिमेन्टको स्व:घोषण रकम स्वीकार गर्ने सम्बन्धमा ।

६. गम्भिर प्रकृतिका विरामीको स्वास्थ्य उपचार र विपद उद्धार सम्बन्धमा ।

७. खोलाहरुको आइईइ गर्ने सम्बन्धमा ।

८. जस्ता पाता वितरण सम्बन्धमा ।

९. रिफरेस सेन्टर निर्माण सम्बन्धमा ।

**निर्णयहरु :**

निर्णय नं. १

नदीजन्य पदार्थ उत्खनन् संकलन र विकीको ठेक्काको कवोल रकम स्वीकृत गर्ने सम्बन्धमा ।

यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने तपशिल बमोजिमका नदी तथा खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्री गर्ने कार्य दरभाउपत्रको माध्यमबाट गराउन मिति २०७६/११/४ गते प्रकाशन भएको सूचना बमोजिम पर्न आएका दरभाउपत्रहरु खोली मुल्याङ्कन गर्दा रित पूर्वक सबै भन्दा बढी तपशिलको फर्महरुले कवोल गरेकोमा कार्यालयको मिति २०७६/११/२३ गतेको निर्णय अनुसार निम्न ठेक्का नम्वरको तपशिल बमोजिमका नदी तथा खोलाहरुको नदीजन्य पदार्थ उत्खनन, संकलन र विकी गर्न निम्न फर्मको तपशिल बमोजिमको रकम स्वीकृत भएकोलाई आजको कार्यपालिकाको बैठकबाट अनुमोदन गर्दै बाँकी प्रकृय नदीजन्य पदार्थ कार्यविधि २०७६ बमोजिम अगाडी बढाउन कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

**तपशिल**

| ठेक्का नं... आ.व. ०७६/०७७ | नदी खोला/घाटको नाम | स्वीकृ भएका फर्मको नाम र ठेगाना | स्वीकृत रकम ( मुअकर र अग्रीम आयकर बाहेक) |
|---|---|---|---|
| ३७ (आ.१६) | **राप्ती नदी-** राप्ती वगर गढवा गा.पा. सिमाना क्षेत्र | श्री विरकट्टा निर्माण सेवा प्रा.लि. अनामनगर २९ काठमाण्डौं | २२०००००.० |
| ४२ (आ.२१) | **रङ्गसिङ्ग खोला-** भक्कुचोक देखि नयाँवस्ती सम्मको क्षेत्र | श्री न्यू रोजन सप्लायर्स वाणगंगा ७ कपिलवस्तु | १८४००००.० |
| ४३ (आ.२२) | **रङ्गसिङ्ग खोला-** राजमार्गको पुलबाट ५०० मीटर माथि देखि शुभश्री सिमेन्ट उद्योगको पश्चिम सिमा सम्म, तिनखण्डे पुच्छार देखि देउराली क्रेसर झोलुङ्गे पुल सम्म, तिनखण्डेको माथिल्लो भाग देखि पाखापानी खोलाको संगम क्षेत्रको भाग सम्म, भालुगौडा देखि भालु | श्री न्यू रोजन सप्लायर्स वाणगंगा ७ कपिलवस्तु | १८४००००.० |

| | | | |
|---|---|---|---|
| | गौडाको सिरान भाग सम्म | | |
| ४४ (आ.२३) | **धोदरे खोला** - राजमार्गको पुलबाट ५०० मीटर देखि वरको रुख सम्मको क्षेत्र | श्री सुर्योदय निर्माण सेवा शिवराज न.पा. १ कपिलवस्तु | ३०००००.०० |
| ४५(आ. २४) | **सुकवेल वहवेल गन्धेला खोला**- सुकवेल खोला क्षेत्र | श्री वेस्टन सप्लायर्स शिवराज न.पा १ कपिलवस्तु | ५५१०००.०० |
| ४६ (आ.२५) | **सुकवेल वहवेल गन्धेला खोला**- गन्धेला खोला क्षेत्र | | |
| ४७ (आ.२६) | **सुकवेल वहवेल गन्धेला खोला**- वहवेल खोला क्षेत्र | श्री वि.आर.समिल तथा स्टील फर्निचर उद्योग बाणगंगा ७ क.व. | २४०५०००.०० |
| ४९ (आ.२८) | **लुङ्गी धौवा खोला** - लुङ्गी खोला (झिगे खोला) | श्री मनकामना इलेक्ट्रो इन्टरनेशनल इन्टर प्राईजेज काठमाण्डौं म.न.पा. ११ | २५१३१५१.०० |
| ५० (आ.२९) | **लुङ्गी धौवा खोला** - धौवा खोला (घोगुवा खोला) | श्री जिटु कन्स्ट्रक्सन एण्ड रियल स्टेट प्रा.लि.सैनामैना ६ क.व. | ६०००००.०० |
| ५१ (आ.३०) | **खयरभट्टी खोला**- रातापहरा देखि दुमई सम्म | श्री वि.आर.समिल तथा स्टील फर्निचर उद्योग बाणगंगा ७ क.व. | २२०५०००.०० |
| ५२ (आ.३१) | **भङ्गगाला खोला**- सरेपानी देखि जिर्ण भएको कुलोको बाँध सम्म (विचमा २४० मी. उ/स. नगर्ने) | श्री वि.आर.समिल तथा स्टील फर्निचर उद्योग बाणगंगा ७ क.व. | २५५१०००.०० |
| ५३ (आ.३२) | **कोन्द्रे खोला** - दक्षिण सिमाना देखि अर्घाखाँचीको समथर भुभाग कोन्द्रे सम्म | शिवम विल्डर्स प्रा.लि.पोखरा लेखनाथ म.न.पा.३१ कास्की | ९७०००००.०० |

निर्णय नं. २

शितगंगा नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन्, संकलन, ओसरपसार तथा विकी वितरण र नदीजन्य पदार्थमा आधारित उद्योग व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ संसोधन सम्वन्धमा ।

शितगंगा नगरपालिकाको नदीजन्य पदार्थ तथा अन्य पदार्थ उत्खनन्, संकलन, ओसरपसार तथा विकी वितरण र नदीजन्य पदार्थमा आधारित उद्योग व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ मा केही संसोधन गर्न पर्ने भएकोले देहाय बमोजिम थप गर्ने निर्णय गरियो ।

कार्यविधिको दफा ८ को २ पछी निम्न बमोजिमका बुदाहरु थप गर्ने :-

(३) नदीजन्य पदार्थको उत्खनन्, संकलन र विकी वितरण गर्ने कार्यको लागि पन्ध्र दिनको म्याद दिई दरभाउपत्र वा बोलपत्र सम्बन्धी सूचना राष्ट्रिय वा प्रदेश स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ । यस्तो सूचना यस नगरपालिकाको सूचना पाटीमा टाँस गरी बेभसाईटमा राख्नुका साथै बढी जनसम्पर्क हुने कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(४) यसरी सूचना प्रकाशन गर्दा दरभाउपत्र/बोलपत्र खरिद र दाखिला गर्न पाउने निकाय वा स्थान, खरिद र दाखिला गर्न पाउने अन्तिम मिति, पेश गर्नु पर्ने कागजात र धरौटी सम्बन्धि विवरण उल्लेख गर्नु पर्नेछ ।

(५) दरभाउपत्र/बोलपत्र पेश गर्दा आफूले कवोल गरेको दररेट रकमले प्रतावित परिमाणलाई गुणन गर्दा हुन आउने कूल कबोल रकमको पाच प्रतिशत धरौटी बुझाएको प्रमाण संलग्न गर्नु पर्नेछ ।

(६) अन्तिम मिति सम्म दाखिला भएका दरभाउपत्र/बोलपत्रहरु सकेसम्म सोही दिन कार्यालयका प्रतिनिधि र दरभाउपत्रदाता/बोलपत्रदाता प्रतिनिधिको रोहवरमा खोली भएको व्यहोरा खुलाई मुचुल्का उठाई सो मुचुल्कामा प्रतिनिधिहरु समेतको दस्तखत गराई राख्नु पर्नेछ । दरभाउपत्रदाता/बोलपत्रदाताको अनुपस्थितिले तोकिएको उल्लिखित कार्य गर्न बाधा पर्ने छैन् ।

(७) पहिलो पटक प्रकाशित सूचना बमोजिम कुनै पनि दरभाउपत्र/बोलपत्र नपरेमा पूर्व प्रकाशित सूचना अनुसार कम्तिमा आधा अवधिको म्याद दिई पुन: सूचना प्रकाशन गर्नु पर्नेछ । दोस्रो पटकको सूचनामा पनि दरभाउपत्र/बोलपत्र दाखिला नभएमा स्वीकृत दररेटमा नघट्ने गरी उत्खनन्, संकलन र विक्रीको कार्य अमानतबाट गराउन सकिने छ । तर अघिल्लो वर्ष ठेक्का भएको भए अघिल्लो वर्षको दररेटमा नघट्ने गरी कुनै व्यवस्यायीसँग सम्झौता गरी कार्यदेश दिन सकिने छ ।

(८) यदी प्रथम पटक सूचना प्रकाशन गर्दा तीनवटा भन्दा घटी दरभाउपत्र/बोलपत्र परेको अवस्थामा त्यस्तो दरभाउपत्र/बोलपत्र नखोली खाममा प्रतिनिधिहरुको दस्तखत गराई कायम राखी पुन: सूचना प्रकाशन गर्नु पर्ने छ । यसरी कायम राखिएको दरभाउपत्र/बोलपत्र पुन: प्रकाशित सूचनाको प्रावधान अनुसार दाखिला गर्न पाउने अन्तिम मितिको चौवीस घण्टा अगाडिसम्म फिर्ता माग्न आएमा बन्द अवस्थामै फिर्ता दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम पुन: प्रकाशित सूचना अनुसार म्यादभित्र फिर्ता नलगेमा पछी दाखिला भएका दरभाउपत्र/बोलपत्र मा समावेश गरी खोली मुल्याङ्कन गर्नु पर्नेछ ।

(१०) पुन: प्रकाशित सूचना अनुसार कुनै दरभाउपत्र/बोलपत्र नपरेमा पहिले कायम राखिएको दरभाउपत्र/बोलपत्र खोली मुल्याङ्कन गर्नु पर्नेछ ।

(११) पहिले कायम रहेको दरभाउपत्र/ बोलपत्र फिर्ता भई पुन: एक मात्र दरभाउपत्र/बोलपत्र परेमा सो दरभाउपत्र/बोलपत्र खोली मुल्याङ्कन गर्नु पर्नेछ ।

कार्यविधिको दफा ९ मा बुदा (क) थप गरिएको छ ।

बुदा (क) नदीजन्य पदार्थको उत्खनन्, संकलन र विक्री गर्नको लागि सूचना प्रकासन भएबमोजिम पर्न आएका दरभाउपत्र/बोलपत्रहरुको मुल्याङ्कन गर्न कार्यलयबाट मुल्याङ्कन समिति गठन हुनेछ । गठित मुल्याङ्कन समितिले खोलिएका दरभाउपत्र/बोलपत्र मुल्याङ्कन गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्नु पर्नेछ । मुल्याङ्कन समितिबाट मुल्याङ्कन भई पेश भएको प्रतिवेदनको आधारमा दरभाउपत्र/बोलपत्र स्वीकृत गर्दा सूचनामा माग गरेबमोजिमको आवश्यक प्रकृया गुरा गरी सवै भन्दा बढी कवोल गर्नेको दरभाउपत्र/बोलपत्र स्वीकृत गर्नु पर्नेछ ।

निर्णय नं. ३

प्रदेश विशेष अनुदान तर्फ स्वीकृत कार्यक्रम कार्यान्वय सम्बन्धमा ।

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट विशेष अनुदान कार्यक्रम सन्चालन कार्यविधि, २०७६ को परिधी भित्र रही विभिन्न कार्यक्रमहरु माग गरिएबमोजिम स्वीकृत भई आएको कार्यक्रम मध्ये कृषि उत्पादन अभिबृद्धी कार्यक्रम तर्फको रु ५० लाखबाट कृषि उत्पादन अधिबृद्धीको लागि निम्न अनुसारको कार्य गर्न वजेट विनियोजन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) प्लास्टीक टनेल खरिद तथा वितरण (९० जिसिएम को साईज १० मीटर र ६ मीटर) | रु ४,८८,१६८।- |
| (ख) विभिन्न साईजको एच डि.पी.पाईप खरिद (स्प्रीङ्कल सिंचाईको लागि समेत) | रु २४,२६,६७५।- |
| (ग) पावर टिलर खरिद | रु १९,४३,६००।- |
| (घ) कन्टिन्जेन्सी | रु १,४१,५६५।- |
| जम्मा | रु ५०,००,०००।- |

निर्णय नं. ४

गणकको पारिश्रमिक सम्बन्धमा ।

शितगंगा नगरपालिकाको मिति २०७६/८/१८ गतेको कार्यपालिकाको बैठकको निर्णय नं. १० मा वास प्लान निर्माण गर्ने सन्दर्भमा भएको गणकको पारिश्रमिकलाई संसोधन गरी वडा नं. २, ३, ४ लाई प्रति घर धुरी रु ६० का दरले गणकलाई रकम दिने र अन्य वडाहरुको हकमा खरको छाना भएका घरको विवरण समेत ल्याउने गरी वडा नं. १, ५, ६, ७, ८ लाई प्रति घर धुरी रु ७० का दरले, वडा नं. ९, १०, ११, १२, १३, १४ लाई प्रति घर धुरी रु ८० का दरले गणकलाई रकम दिने र संचार सुविधा बापत प्रति गणक रु १०००।- का दरले गणकलाई रकम भुक्तानी दिने निर्णय गरियो साथै उक्त रकम चालु आ.व.को लागि वास प्लान निर्माण शिर्षकमा विनियोजन भएको रकमले पुगे सम्म सो रकमबाट खर्च लेख्ने र नपुग भएमा कन्टिन्जेन्सीबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

अग्नी सिमेन्टको स्वःघोषण रकम स्वीकार गर्ने सम्बन्धमा ।

यस नगरपालिकाको वडा नं. ८ मा रहेको सिमेन्ट उद्योगले नगर सभाबाट तोकिए बमोजिमको वार्षिक व्यवसायीक कर बुझाई रहेकोमा यस नगरपालिका भित्र रहेको ठूलो उद्योगले त्यस क्षेत्रमा पार्ने विभिन्न किसिमका प्रभावलाई मध्यनजर गर्दै विभिन्न चरणमा भएका छलफल बमोजिम नगरपालिकालाई चालु आ.व.को लागि रु ५,५०,०००।- दिने गरी स्वःघोषणा गरेकोले उक्त रकमलाई स्वीकार गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

गम्भिर प्रकृतिका विरामीको स्वास्थ्य उपचार र विपद उद्धार सम्बन्धमा ।

यस नगरपालिकाका कुनै बासिन्दालाई गम्भीर प्रकृतिको रोग लागि उपचारमा समस्या भई आर्थिक सहयोग माग भई आउने र विपदमा परी आर्थिक सहयोग माग भई वडाको सिफारिस सहित निवेदन आउने सन्दर्भमा वास्तविक समस्या अध्ययन गरी बढीमा रु २५०००।- सम्म आर्थिक सहायत प्रदान गर्न तपशिल बमोजिमको कार्यदल गठन गर्ने र सो कार्यदलको सिफारिसका आधारमा उक्त रकम सहायता स्वरुप दिने निर्णय गरियो ।

तपशिल

संयोजक नगर प्रमुख

सदस्य नगर उप- प्रमुख

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

खोलाहरुको आइईइ गर्ने सम्बन्धमा ।

यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका खोलाहरुको आइइइ गर्न भएको पूर्व निर्णय अनुसार सवै खोलाहरुको आईइइ गर्न विनियोजित वजेट नपुग भएको र सवै खोलाको ठेक्का लगाउदा प्रकृयागत कार्य पूरा गर्न समय समेत प्रयाप्त नभएकोले चालु आ.व.मा बाणगंगा खोला र खोरमोर खोलाको मात्र आईइइ निर्णय गरियो ।

८. जस्ता पाता वितरण सम्बन्धमा ।

यस नगरपालिकाबाट खरिद गरिएका जस्तापाताहरु वितरण गर्न कार्यदल गठन भएकोमा सो कार्यदलले पेश गरेअनुसारको मापदण्ड बमोजिम वितरण गर्ने गरी प्रति घर २५ पाताका दरले प्रति वडा ५६ घरलाई हुने गरी जस्ता पाता सवै वडाहरुलाई उपलब्ध गराउने । त्यसै गरी यस वर्ष वितरण गरी बाँकी रहने घरको रेकर्ड बनाई सो का आधारमा आगामी आ.व.मा न.पा. भित्रका सवै खरका छाना मुक्त गर्ने गरी आवश्यक वजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

यस शितगंगा नगरपालिकाको वडा नं. २ मा रिफरेस सेन्टरको लागि फलाचौर र कमेरेपानी फलाचौरम निःशुल्क १० रोपनी जग्गा उपलब्ध गराईने भएकोले उक्त स्थानमा रिफरेस सेन्टर स्थापनाको लागि आवश्यक निर्णय गरि दिन प्रदेश सरकार ५ नं. प्रदेशलाई अनुरोध गर्ने निर्णय गरियो ।

**मिति २०७६/१२/८ गते नगर कार्यापालिका बैठकका प्रस्तावहरू**

१. कोरोना भाईरस संक्रमण (कोभिड १९) रोकथाम सम्बन्धमा ।

२. विपद राहत व्यवस्थापन सम्बन्धमा ।

३. राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।

४. वास योजना निर्माण सम्बन्धमा ।

५. कोरोना सक्रमणको समयमा वडा तथा नगरपालिकाबाट प्रदान गरिने सेवा सम्बन्धमा ।

६. संचार खर्च भुक्तानी सम्बन्धमा ।

७. सरकारी जग्गा सम्बन्धमा ।

८. डमरुदह संरक्षण सम्बन्धमा ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

१०. कक्षा/तह थप गर्ने सम्बन्धमा ।

११. सडक सुचारु गर्ने सम्बन्धमा ।

१२. कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

**निर्णयहरु :**

निर्णय नं. १

कोरोना भाईरस संक्रमण (कोभिड १९) रोकथाम सम्बन्धमा ।

कोरोना भाईरस संक्रमण (कोभिड १९) विश्वव्यापी महामारीको रुप लिई रहेको र सो समस्या नेपालमा आउन सक्ने सम्भावनालाई मध्य नजर राख्दै हाल संघीय सरकार, प्रदेश सरकार समेतले विभिन्न कार्यक्रम गरिरहेको अवस्थामा यस शितगंगा नगरपालिकाले यसलाई ठूलो समस्या र चुनौतीको रुपमा लिदैं उक्त कोरोना भइरसबाट सुरक्षित रहन निम्न बमोजिमको कार्य गर्ने निर्णय गरियो ।

तपशिल

१. नगर स्तरीय, वडा स्तरीय र टोल स्तरीय समन्वय समितिहरु गठन गर्ने ।

२. सचेतना मूलक कार्यक्रमहरु संचालन गर्ने ।

३. क्रियात्मक कार्यक्रमहरु :- हेल्थ डेक्स सञ्चालन गर्न रु २ लाख विनियोजन गर्ने र सो सँग सम्बन्धित अन्य क्रियाकलापहरु कार्यान्वयन गर्ने ।

निर्णय नं. २

विपद राहत व्यवस्थापन सम्बन्धमा ।

मिति २०७६ साल चैत्र १ गते शनिवार राती १० वजे देखि १.०० वजे सम्म शितगंगा नगरपालिका क्षेत्रमा परेको अविरल वर्षा सहितको अशिनाले शितगंगा न.पा. वडा नं. ३ र ४ मा पूर्ण रुपमा तथा वडा नं. ५, १२ र १३ मा आंशिक रुपमा करिव ३००० घर परिवारको हिउदे अन्न बाली, फलफुल तरकारी, पशुपक्षि पालन गरेका फर्महरु, विभिन्न जातका नर्सरीहरु, सडक पूर्वाधार र घर टहराहरुमा पुर्‍याएको व्यापक क्षतिलाईका विषयमा मिति २०७६/१२/२ गते वसेको नगर स्तरिय विपद व्यवस्थापन समितिको निर्णय बमोजिम क्षेतिको विवरण संकलन गरी अन्न वाली तर्फ रु १०,००,६४,११०।- मोटर बाटो तर्फ रु १०,००,००,०००।-, भौतिक क्षति तर्फ (घर, गोठ, फर्म) ३,५०,००,०००।- गरी जम्मा २३,५०,६४,११०।- वरावरको क्षति भएकोले उक्त क्षतिको राहत माग गर्न जिल्ला विपद् समितिबाट निर्णयको लागि पठाई जिल्ला विपद व्यवस्थापन समितिमा पठाईएको र सो बाट भएको निर्णय अनुसार राहत सहयोग उपलब्ध गराई दिन भनि संघीय सरकार, प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।

राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अर्न्तगत विद्यालयमा शैक्षिक सुधारका कार्यक्रम सञ्चालन गर्न विद्यालयहरुले स्थानीय तहमा कार्यक्रम पेश गरी पेश गरेको कार्यक्रम स्थानीय तहबाट निर्णय गराई पेंश गर्न भनि Web Site मा सूचना प्रकाशन भए बमोजिम मिति २०७६/१२/७ गते सम्म पेश भएका निम्न बमोजिमका प्रस्तावहरु स्वीकृतीको लागि सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो ।

तपशिल

(१) ज्योति मा.वि. शिनपा ४ ठाडा,

(२) सरस्वती मा.वि शिनपा २ सितापुर

(३) सुधा मा.वि शिनपा ५ जुकेना

(४) सुवोधिनी मा.वि. शिनपा १० वर्रे

(५) शिवादह मा.वि. शिनपा ६ जुकेना

(६) प्रभाकर मा.वि. शिनपा १४ सिमलपानी

(७) रिकोट नि.मा.वि. शिनपा १३ रिकोट

(८) पाकुरी आ.वि. शिनपा ९ पाकुरी

(९) पावर मा.वि. शिनपा १४ पावर

(१० विष्णुपद चौपारी आ.वि. शिनपा ७ लामाताल

(११) लापे मा.वि. शिनपा ८ लाहापे

(१२) गौरा मा.वि. शिनपा १२ रजिया

(१३) दह आ.वि. शिनपा ३ ठाडा

(१४) मन्द्रे मा.वि. शिनपा १ मन्द्रे

(१५) जनजागृती मा.वि. शिनपा १० बहखोर

(१६) बालकल्याण आ.वि. शिनपा ७ जलुके

(१७) शंकरज्योति आ.वि. शिनपा ९ लौरी

निर्णय नं. ४

वास योजना निर्माण सम्बन्धमा ।

यस शितगंगा नगरपालिकाको वास योजना निर्माण गर्ने कार्यको लागि प्रदेश सरकारले ३ महिनाको लागि वास संयोजक तोकी पठाए बमोजिम वास योजना निर्माणको लागि नगरपालिकाबाट गणकहरु नियुक्ति भई कार्य भई रहेकोमा नगरपालिकाको भुगोल ज्यादै ठूलो भएकोले ३ महिना भित्र उक्त कार्य सम्पन्न हुन नसकी अझै केही महिना लाग्ने भएकोले सो कार्य सम्पन्न नभएसम्म भौतिक पूर्वाधार विकास मन्त्रालयको च.नं. २८५१ मिति २०७६/१२/६ को पत्र समेतको आधारमा उक्त वास संयोजकको म्याद थप गर्ने र थप गरेको अवधिको आर्थिक व्यवहार यस नगरपालिकाले कन्टिन्जेन्सीबाट खर्च लेख्ने निर्णय गरियो ।

निर्णय नं. ५

कोरोना सक्रमणको समयमा वडा तथा नगरपालिकाबाट प्रदान गरिने सेवा सम्बन्धमा ।

कोरोना भाईरस संक्रमण (कोभिड १९) विश्वव्यापी महामारीको रुप लिई रहेको र सो समस्या नेपालमा आउन सक्ने सम्भावनालाई मध्य नजर राख्दै हाल संघीय सरकार, प्रदेश सरकार समेतले विभिन्न कार्यक्रम गरिरहेको अवस्थामा सम्मानीत प्रधानमन्त्री ज्यूबाट समेत जनताका नाममा संवोधन हुदा अत्यावश्यक सेवा बाहेक सम्पूर्ण सेवाहरु मिति २०७६ साल चैत्र ९ गते देखि २१ गते सम्म बन्द गर्ने भनि भएको सन्दर्भमा यस शितगंगा नगरपालिकाले समेत सो को रोकथामलाई उच्च प्राथमिकता दिदै मिति २०७६ साल चैत्र १० गते देखि चैत्र २१ गते सम्म वडा कार्यालय तथा नगर कार्यलयबाट प्रदान गरिने अत्यावसेकका सेवाहरु वाहेकका अन्य सम्पूर्ण सेवाहरु वन्द गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

संचार खर्च भुक्तानी सम्बन्धमा ।

चालु आ.व.मा संन्चार शिर्षकमा विनियोजन भएको रकम नपुग भएकोले निर्णय र मापदण्ड अनुसार नपुग भएको रकम आवश्यक्ताका आधारमा कन्टिन्जेन्शीबाट खर्च लेख्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार दिने निर्णय गरियो ।

निर्णय नं. ७

सरकारी जग्गा सम्बन्धमा ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९ उपदफा (३) बमोजिम यस नगरपालिकाको वडा नं. ३ मा रहेको प्राकृतिक ताल डमरुदह र यसको आसपासको क्षेत्रलाई पर्यटकीय क्षेत्र घोषण गर्ने र सो क्षेत्रको आसपासका सम्पूर्ण सार्वजनिक जग्गामा पुष्प उद्यान पार्क निर्माण गर्ने । साथै डमरु दहको आसपासको सार्वजनिक जग्गा मध्ये कित्ता नं. ४७९ रोपनी ५-१-३-३ को जग्गा सार्वजनिक जग्गा र तत्कालिन घरेलु तथा ग्रामीण उद्योग विभागले सम्झौता गरी च्यूरीघ्यू उद्योगलाई भोगचलन गर्न दिएको २०४० सालमा भएको नापी सर्भेमा च्यूरीघ्यू उद्योगले चर्चेको भनि जनाईएको कित्ता नं. ४८० रोपनी १-५-१-० सार्वजनिक जग्गा सो च्यूरीघ्यू उद्योग मिति २०४५ साल देखि बन्द भएको र सो जग्गा नगरपालिकालाई पार्क निर्माणका निम्ती आवश्यक भएको हुँदा नेपाल सरकार उद्योग विभागलाई उक्त जग्गा अन्य प्रयोजनका निम्ती भोग चलन गर्न स्वीकृती नदिन पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

डमरुदह संरक्षण सम्बन्धमा ।

यस शितगंगा नगरपालिकाको केन्द्र भागमा रहेको डमरुदह संरक्षण तथा स्तरोन्नतीको कार्य यस नगरपालिकाबाट भई रहेको अवस्थामा डमरुदहको दुवै तर्फ सडक रहेकोले उक्त सडकहरुलाई प्रयोग गरी डमरुदहलाई थप पर्यटकीय बनाउन दुवै तर्फका सडकलाई प्रयोग गरी सवारी साधनहरुलाई एक तर्फी बनाउन जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीलाई र पश्चिम तर्फको सडकलाई स्तरोन्नती गर्न सडक डिभिजन कार्यालय शिवपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रधामन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत चालु आ.व.मा प्राप्त रकमबाट प्रत्येक वडाहरुलाई रु ४,५०,०००।- का दरले निर्देशिका बमोजिमका कार्यहरु संचालन गर्न उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

कक्षा/तह थप गर्ने सम्बन्धमा ।

यस शितगंगा नगरपालिका क्षेत्र भित्रका विभिन्न विद्यालयहरुबाट कक्षा तथा तह थपको लागि माग भई आएकामा यस नगरपालिकाबाट कम्तीमा ३ वर्षको लागि कुनै आर्थिक दायित्व नपर्ने गरी निम्न विद्यालयहरुमा कक्षा/तह थप गर्ने निर्णय गरियो ।

तपशिल

**तहथप तर्फ**

(१) पाकुरी आ.वि. शिनपा ९ पाकुरीमा थप गर्ने तह मा.वि कक्षा ९

(२) धर्मोदय आ.वि. शिनपा ११ ढुङ्गेसेरा थप गर्ने तह मा.वि कक्षा ९

(३) रिकोट आ.वि. शिनपा १३ रिकोट थप गर्ने तह मा.वि कक्षा ९

(४) दुम्सी आ.वि. शिनपा ११ दुम्सी थप गर्ने तह नि.मा.कक्षा ६

**कक्षा थप तर्फ**

(१) डिही आ.वि. शिनपा १० डिही कक्षा ७

(२) कृष्ण आ.वि. शिनपा १४ तोरीवारी कक्षा ५

(३) सगरमाथा आ.वि. शिनपा ९ वसेनी कक्षा ४

(४) जनता आ.वि. शिनपा २ धारा कक्षा ४

(५) ज्ञानोदय आ.वि. शिनपा ११ फोर्सल कक्षा ३

(६) जनजागरण आ.वि. शिनपा ३ पद्मे कक्षा ३

निर्णय नं. ११

सडक सुचारु गर्ने सम्बन्धमा ।

मिति २०७६ साल चैत्र १ गते शनिवार राती १० वजे देखि १.०० वजे सम्म शितगंगा नगरपालिका क्षेत्रम परेको अविरल वर्षा सहितको अशिनाले यस नगरपालिका क्षेत्र भित्र नियमित रुपमा अनुमती लिएका गाडीह संचालन भई रहेका सडकहरु अवरुद्ध हुदा दैनिक आवत जावतमा समस्या भएकोले उक्त सडकहरु प्राविधि स्टीमेट गराई सुचारु गर्ने र सो गर्दा लाग्ने खर्च कन्टिन्जेन्शी लगायत अन्य वचत रकम बाट भएप भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

नगरपालिका स्तरका र वडागत स्तरका चालु अवस्थामा रहेका कार्यक्रमहरु अर्को निर्णय नहुंदा सम्म स्थगि गर्ने निर्णय गरियो ।